# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

पत्र संख्याः ०७७/०७८ | १ नं. प्रदेश, नेपाल
चलानी नं. ४०३४ | मितिः २०७८।०२।१०

**बिषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु सबै (१२),
सिद्धिचिरण नगरपालिका, ओखलढुङ्गा ।

विश्वव्यापी महामारीको रुपमा फैलिइरहेको कोभिड-१९ भाइरस संक्रमणको रोकथाम तथा संभावित जोखिम न्यूनीकरण सम्बन्धमा मितिः २०७८।०२।०७ को कार्यपालिका बैठकबाट भएको तपसिल अनुसारको निर्णय कार्यान्वयनको लागि पठाइएको ब्यहोरा अनुरोध छ ।

१.बाहिरी जिल्ला तथा विदेशबाट आ-आफ्ना घर आएका ब्यक्तिहरुको अनुगमन गर्ने तथ्याङ्क लिने र कम्तीमा १० देखि १४ दिनसम्म होम क्वारेन्टिनमा बस्ने/बसाउने ब्यवस्था गर्ने ।
२.बाहिरी जिल्ला तथा विदेशबाट आ-आफ्ना घर आएका ब्यक्तिहरुको बिवरण सम्बन्धित क्षेत्रका महिला स्वास्थ्य स्वयं सेविकाबाट वडास्थित स्वास्थ्य संस्थाले लिई उक्त बिवरण नगरपालिकाको स्वास्थ्य शाखालाई उपलब्ध गराउने ।
३.स्वास्थ्य संस्थाबाट प्राप्त बिवरण अनुसारका ब्यक्तिहरुलाई कम्तीमा १० देखि १४ दिन सम्म होम क्वारेन्टिनमा बस्ने ब्यवस्था स्वास्थ्य शाखाको समन्वयमा सम्बन्धित वडा कार्यालयसँगको समन्वय र सहकार्यमा वडास्थित स्वास्थ्य संस्था र महिला स्वास्थ्य स्वयं सेविकाले गर्ने ब्यवस्था गर्ने ।
४.रुघाखोकी लगायतका कोभिड-१९ को लक्षणसँग मिल्दोजुल्दो लक्षण देखिएका मानिसहरु समुदायमा जताततै हिडडुल गर्न नदिने ।
५.माथि उल्लिखित ब्यवस्था वडा स्तरमा कार्यान्वयन गर्न/गराउन देहाय अनुसारको समिति गठन गर्ने ।

| | |
|---|---|
| क) सम्बन्धित वडाको वडा अध्यक्ष | -संयोजक |
| ख) सम्बन्धित वडाको स्वास्थ्य संस्थाको प्रमुख | -सदस्य |
| ग) वडा समितिका सदस्यहरु | -सदस्य |
| घ) सम्बन्धित वडाका महिला स्वास्थ्य स्वयमसेविकाहरु | -सदस्य |
| ङ) सम्बन्धित वडाको वडा सचिव | -सदस्य सचिव |

प्रवीण कोइराला
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०३७-५२०२१३ E-mail: siddhicharanmunicipality@gmail.com Website: siddhicharanmun.gov.np